नेपाल स्टक एक्सचेञ्ज लिमिटेड (नेप्से)

सिंहदरबार प्लाजा, काठमाडौं ।

घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड (GCIL) को साधारण शेयर सूचीकरण गरिएको

## सूचना

आज मिति २०८०/०४/२५ गते बिहीबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड (नेप्से सिम्बोल GCIL) बीच प्रति शेयर अंकित तथा चुक्ता मूल्य रु.१००।- कायम भएको ३,९७,१९,००६ कित्ता साधारण शेयर सूचीकरण गर्ने सम्झौता सम्पन्न भयो । कम्पनीले सर्वसाधारण समक्ष हिमालयन क्यापिटल लिमिटेड र नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड (धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक) मार्फत साधारण शेयर खुल्ला बिक्री आव्हान गरेको थियो । यसरी सर्वसाधारण लगानीकर्ता शेयरधनीहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली, उद्योग प्रभावित स्थानीय बासिन्दाहरु, सामूहिक लगानी कोष र कर्मचारीहरु समेत) मा वितरण गरिएको ७९,४३,८०१ कित्ता (२०%) र कम्पनीका संस्थापक शेयरधनीहरुले लगानी गरेको ३,१७,७५,२०५ कित्ता (८०%) शेयर (धितोपत्र) समेत गरी जम्मा ३,९७,१९,००६ कित्ता (१००%) साधारण शेयर धितोपत्र सूचीकरण विनियमावली, २०७५ बमोजिम मिति २०८०/०४/२४ गतेको निर्णयानुसार यस स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण गरिएको हुँदा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>पुनश्च</u> : मिति २०८०/०४/२५ मा नेपाल स्टक एक्सचेञ्ज लिमिटेड र घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड बीच धितोपत्र सूचीकरण सम्झौता सम्पन्न भएको दोस्रो दिनवाट यस स्टक एक्सचेञ्ज लिमिटेडमा उक्त कम्पनीको धितोपत्रको दोस्रो बजार कारोबार शुरु हुनेछ । प्रस्तुत कम्पनीको प्रधान कार्यालय काठमाडौं जिल्ला, पुतलीसडक रहेको र सूचीकरण पश्चात् दिनुपर्ने RTS सेवा हिमालयन क्यापिटल लिमिटेड, ठमेल, काठमाडौंबाट हुने छ ।

सूचीकरण शाखा

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिंहदरबार प्लाजा, काठमाडौं ।

मिति : २०८०/०४/२५

फोन नं.: ०१-४२५०७५५/५६/५८